नियम संख्या :

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०४/१४

कैलारी गाउँपालिका

# गाउँ कार्य पालिकाको कार्यालय

हसुलिया, कैलाली

## कैलारी पर्यटन विकास कार्यक्रम

## संचालन कार्यविधि, २०७५(पहिलो संसोधन,०७५)

# कैलारी पर्यटन विकास कार्यक्रम संचालन कार्यविधि २०७५

**१. प्रस्तावना :-** कैलारी गाउँपालिकामा पर्यटन विकासका माध्यमबाट कैलारी गाउँपालिकामा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा पर्यटकीय क्षेत्रको प्रचार प्रसार संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक भएकोले यो "कैलारी पर्यटन विकास कार्यक्रम संचालन कार्यविधि २०७५" (पहिलो संसोधन,०७५) बनाई जारि गरिएको छ ।

## २. संक्षिप्त नाम र परिभाषा :-

१. यस कार्यविधिको नाम :- "कैलारी पर्यटन विकास कार्यक्रम, कार्यबिधि २०७५"(पहिलो संसोधन,०७५) रहेको छ ।

२. यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**३. परिभाषा :-** "विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "कार्यबिधि भन्नाले" पर्यटन विकास कार्यबिधिलाई सम्भिmनु पर्छ ।

ख. "उपभोक्ता समिति" भन्नाले पर्यटन विकास कार्यक्रमबाट संचालन हुने आयोजनाका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

ग. "स्थानीय तह" भन्नाले कैलारी गाउँपालिकालाई सम्झनुपर्छ ।

घ. "आन्तरिक स्रोत" भन्नाले आर्थिक ऐन, २०७४ बमोजिम गाउँपालिकालाई प्राप्त रकमलाई बुझ्नुपर्छ ।

**४. उद्देश्य :-** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्ने ।

ख. पर्यटन विकासका माध्यमबाट रोजगार सृजना गरी स्थानीय तहमा आर्थिक समृद्धी हासिल गर्ने ।

ग. कैलारी गाउँपालिकामा भएका पर्यटकीय क्षेत्रहरुको पहिचान, प्रवर्द्धन, संरक्षण तथा सम्वर्द्धन गरी पर्यटन प्रवर्द्धन गर्नु ।

## ५. पर्यटन विकास कार्यक्रम संचालन हुने क्षेत्र तथा बिधि :

कैलारी गाउँपालिकामा पर्यटन विकासका कार्यक्रमहरु संचालन गरी स्थानीय भाषा, धर्म, सँस्कृती, चालचलन, भेषभुषा, परम्परा, संरक्षण, सम्वर्द्धन गर्नुका साथै कैलारी गाउँपालिकामा नयाँ पर्यटन गन्तव्यहरुको पहिचान, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन तथा प्रचार प्रसार र पर्यटन पूर्वाधारको विकास कैलारी गाउँपालिकालाई पर्यटन गन्तव्यका रुपमा विकास गरी समग्र कैलालीको विकास गर्नका लागि पर्यटन विकासका क्षेत्रहरुको पहिचान गरी पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**क) संस्कृति संरक्षण :**

१. स्थानीय चालचलन, धर्म संस्कृतिको संरक्षण ।

२. भाषा, भेसभुषा, परम्पराको संरक्षण तथा प्रवर्द्धन ।

३. स्थानीय, कला,सीप तथा परम्परागत प्रबिधिको संरक्षण तथा प्रवर्द्धन ।

४. संस्कृति संरक्षणका लागि महोत्सव तथा प्रर्दशनीको संचालन ।

५. स्थानीय संग्राहालयको स्थापना तथा व्यवस्थापन ।

**ख) कृषि पर्यटन :**

१. एक वडा एक उत्पादन क्षेत्र कार्यक्रम संचालन ।

२. स्थानीय प्रजातीहरुको संरक्षणका कार्यक्रम संचालन ।

३. बिउँ बिजनको संरक्षण, बिउँ बैकको स्थापना तथा नर्सरी संचालन ।

४. मत्स्य विकास तथा ह्याचरीको स्थापना

**ग) सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन :**

१. कैलारी गाउँपालिका भित्र ऐतिहाँसिक, पुरातत्वीक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन ।

२. गाउँपालिका भित्र रहेका तालतलैयाहरुको संरक्षण, सम्वर्द्धन तथा तालतलैयाहरुलाई उत्पादनमुखी बनाउने कार्यक्रम ।

**घ) सार्वजनिक निजी साझेदारी कार्यक्रम :-** पर्यटन विकासका कार्यक्रमहरु सार्वजनिक निजी साझेदारीमा समेत संचालन गर्न सकिनेछ ।

## ६. उपभोक्ता समितिलाई प्राथमिकता :

क) कार्यक्रम संचालनका लागि उपभोक्ता समिति सँग सम्झौता गरि लागत, जनसहभागिताको आधारमा कार्यसुची अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै उपभोक्ता समिति मार्फत संचालन गर्ने गरि सम्झौता गरिएका आयोजना ठेकेदार मार्फत संचालन गराएको पाइएमा सम्झौता रद्द गरि अन्य प्रक्रिया द्वारा आयोजना संचालन गर्न सकिनेछ ।

ख) उपभोक्ता समितिबाट कायान्वयन गर्न सकिने भए सम्म ठेक्का पट्टाबाट नगरी उपभोक्ता समितिबाटै गर्ने गरि प्रस्ताव गर्नुपर्नेछ । अर्थात उपभोक्ता समितिलाई प्राथमिकता दिईनेछ । तर उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजना जस्तै : सबै प्रकारका सभा भवन, पुल, कल्भर्ट निर्माण, ढल निर्माण, बाल उद्यान, पार्क तथा फन पार्क निमार्ण, जस्तै भौतिक पूर्वाधार विकासका आयोजना संचालन गर्दा उपभोक्ता समिति सँग लोडर एक्जाभेटर जस्ता ठूलो मेशिनरी सामग्रीहरु उपलब्ध नहुने भएकोले ठेक्का पट्टाद्वारा संचालन गर्न बाधा पर्ने छैन ।

## ७. कैलारी पर्यटन विकास कार्यक्रम संचालक समिति :-

१. यस कार्यक्रम संचालन गर्नका लागि देहाए बमोजिमको समिति रहनेछ ।

क. गाउँपालिका उपाध्यक्ष – अध्यक्ष

ख. गाउँपालिका अध्यक्षले तोकेको २ जना – सदस्य

ग. लेखा अधिकृत – सदस्य

घ. बिषयगत शाखा प्रमुख – सदस्य

ङ .कार्यपालिकाका सदस्यहरु मध्येबाट २ महिला सहित ३ जना –सदस्य

च. प्रमुख प्रशासकिय अधिकृत – सदस्य-सचिव

समितिले आवश्यकता अनुसार कार्यपालिका सदस्य तथा बिज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

२. **कैलारी पर्यटन विकास कार्यक्रम संचालक समितिको काम, कर्तव्य र अधिकार :-**

क. आफ्नो गाउँपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्तिक, धार्मिक सम्पदाहरुको लगत संकलन, संरक्षण सम्वर्द्धन तथा प्रवर्द्धन गर्न लगाउने ।

ख. गाउँपालिका भित्र रहेका प्राकृति सम्पदाहरु : वनजंगल, तालतलैयाको संरक्षण तथा प्रवर्द्धन गर्न लागाउने ।

ग. आन्तरीक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी गन्तव्य कैलारी गाउँपालिकालाई प्रभावकारी बनाउनका लागि आवश्यक निर्देशन, समन्वय तथा सहयोग गर्ने ।

घ. पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न कैलारी गाउँपालिका भित्रका पर्यटकिय क्षेत्रहरुको पहिचान, नयाँ गन्तव्यको खोजी तथा सम्भाव्यता अध्ययन गरी पर्यटन गुरु योजना निर्माण गर्ने र गर्न लगाउने ।

८. **आयोजना कार्यान्वयन प्रक्रिया :-** यस कार्यक्रमबाट संचालन हुने आयोजनाहरु कार्यान्वयन प्रक्रिया स्थानीय तहको आर्थिक ऐन, २०७४ अनुसार हुनेछ ।

९. **आयोजना सम्पन्न गर्नु पर्ने समयावधि :-** कैलारी पर्यटन विकास कार्यक्रम संचालन हुने आयोजनाहरु आर्थिक वर्षको मसान्त भित्र कार्यक्रम संचालन सम्झौतामा उल्लेख भएको मिति भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

१०. **आयोजनाको अनुगमन :-** कैलारी पर्यटन विकास कार्यक्रम संचालित आयोजनाको अनुगमन गाउँपालिकाबाट गरिनेछ ।

**११. विवरण सार्वजनिक गर्ने :-** कैलारी पर्यटन विकास कार्यक्रमबाट संचालित आयोजना सम्पन्न भएपछि आयोजनको भौतिक उपलब्धि र खर्च सम्बन्धि विवरण सार्वजनिक गरि गाउँपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

**१२. बाधा अड्काउ फुकाउने :-** यस कार्यक्रम कार्यान्वयन वा आयोजना संचालन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा कैलारी पर्यटन विकास कार्यक्रम संचालक समितिको सिफारिसका आधारमा गाउँकार्यपालिकाको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

**१३. विविध :-**

क. सहयोग गर्नु पर्ने :- यस निर्देशिका मुताविक "कैलारी पर्यटन विकास कार्यक्रम संचालन" का लागि जनसमुदाय, संघ संस्था तथा सरोकारवालाहरु सबैको कर्तव्य हुनेछ ।

ख. निर्देशनको पालन :- गाउँकार्यपालिका र कैलारी पर्यटन विकास कार्यक्रमको निर्देशन पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

ग. निर्देशिका संशोधन गर्न सक्ने :- "कैलारी पर्यटन विकास कार्यक्रम संचालन कार्यविधि २०७५" समयानुकुल बनाउन वा आइपरेका समस्याको समाधान गर्नका लागि आवश्यकतानुसार गाउँकार्यपालिकाले कार्यविधि संसोधन गर्न सक्नेछ ।